# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १७९ | काठमाडौं | बिहीबार, २ कात्तिक २०८० | Prabhab National Daily | Thursday, October 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-




## पूर्वराजासँग सशंकित

- राजनीति नै गर्ने भए दल खोलेर चुनाव लड्न पूर्वराजालाई चुनौती
- धार्मिक आवरणमा राजनीतिक खेल खेलेको गणतन्त्रवादी नेताहरूको बुझाइ

■ जेबी योञ्जन

**काठमाडौं–** साढे १५ वर्षअघि राजतन्त्रको अन्त्य भएपछि तत्कालीन राजा ज्ञानेन्द्र शाह नागरिकको हैसियतमा रहे पनि उनीसँग गणतन्त्रका पूर्वराष्ट्र प्रमुखदेखि सरकार प्रमुखसम्म सशंकित देखिएका छन् ।

उनीहरू देश र विदेश (भारत)का मन्दिरहरूको दर्शन गर्न जाँदासमेत शाहविरुद्ध आक्रोशित हुन्छन् । यदि, राजनीति नै गर्ने भए दल खोलेर चुनाव लड्न चुनौती नै दिन्छन् ।

बुधबार पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पूर्वराजा शाहलाई यस्तै चुनौती दिए । 'अस्ति भएको निर्वाचन आफैंमा जनमत संग्रह हो । जनताले सीधै पार्टीलाई विश्वास गरेका छौं भन्ने देखाए । अरू (पूर्वराजा)लाई पनि लाग्छ भने पार्टी बनाऊन्, आऊन्,' उनले बुधबार भक्तपुरमा आयोजित कार्यक्रममा भने, 'चुनावमा सामेल होऊन् । असल काम गरेको छु, त्याग तपस्या र बलिदान गरेको छु भन्ने लागेको छ भने आए हुन्छ ।'

पूर्वराजा शाह १५ जेठ २०६५ मा देशमा गणतन्त्र स्थापनापछि राजादेखि नागरिकको हैसियतमा छन् । नारायणहिटी राजदरबारबाट नागार्जुन पुगेका छन् । तर, उनी राजतन्त्रको पुनःस्थापना गर्न अघोषित रूपमा बल गरिरहेका छन् । छिमेकी देश भारतमा कट्टर हिन्दूवादी दल भारतीय जनता पार्टी (भाजपा) सत्तामा रहेकै बेला उनी देशलाई फेरि हिन्दूराष्ट्र कायम गराउँदै राजतन्त्र पुनःस्थापना गराउन जोड गरिरहेको विश्लेषण हुने गरेको छ । यहीबेला देशमा गणतन्त्र स्थापना गराउन जनआन्दोलनमा उत्रिएका एक जना नेता नेपालले शाहको गतिविधिप्रति असन्तुष्ट हुँदै चुनाव लड्न चुनौती दिएका हुन् ।

उनले भक्तपुर र झापावासीले पूर्वराजा शाहको पक्षमा रहेको संकेत दिएको बताए । दुवै जिल्लामा घरिघरी राजतन्त्र र हिन्दूराष्ट्रको पक्षमा प्रदर्शन हुँदै आएको छ । यसलाई लक्षित गर्दै नेपालले पूर्वराजा शाहलाई चुनौती दिएका हुन् ।

बुधबार नै पूर्वराष्ट्रपति डा. रामवरण यादव पनि पूर्वराजाको पछिल्ला गतिविधिप्रति शंका व्यक्त गरेका छन् । उनले गणतन्त्रलगायतका वर्तमान राजनीतिक उपलब्धिहरूको रक्षा गर्नुपर्नेमा जोड दिएका छन् । यी राजनीतिक उपलब्धिहरूले नै देश जागृत भएको र ती उपलब्धिहरू जसरी पनि जोगाउनुपर्ने उनले बताए ।

'संघीयता र गणतन्त्र हातबाट जान दिनु हुँदैन । गल्तीहरू सुधार गरी अझ मजबुत बनाउनुपर्छ,' उनले राजा र राजतन्त्र ठीक थियो भन्नेहरूलाई लक्षित गर्दै भने, 'धेरै सकारात्मक कार्यहरू भएका छन् । धेरै सकारात्मक कार्य गर्न बाँकी छन् ।'

पूर्वराजा शाहले समर्थन गरेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) हो । उनले चुनावमा राप्रपालाई आर्थिक सहयोग गरेको राप्रपाकै एक जना पदाधिकारी बताउँछन् । (बाँकी पृष्ठ २ मा)

### कोशीमा दोहोरियो संघकै प्रकरण

# मुख्यमन्त्री कांग्रेसको, घोचपेच एमाले–माओवादीको

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत पुस २६ गते प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत माग्दा २७५ सदस्यीय प्रतिनिधिसभामा २६८ मत पाएका थिए । कोशीका मुख्यमन्त्री केदार कार्कीले पनि यसरी नै 'प्रचण्ड' बहुमत प्राप्त गरेका छन् । एमालेको समर्थनमा पुस १० गते प्रधानमन्त्री बनेका दाहाललाई आधा महिनामै अप्ठेरो पर्ने गरी नेपाली कांग्रेसले मत दिएको थियो ।

सोही प्रकरण कोशीमा दोहोरिएको हो । शनिबारमात्र मुख्यमन्त्रीमा शपथ लिएका कार्कीले बुधबार मत जाँच्दा ८६ सांसदले उनको समर्थन गरे । ९३ सदस्यीय कोशी प्रदेशसभामा उनलाई ४७ मत भए पुग्थ्यो । तर, एमालेको समर्थनमा कांग्रेसका आठ सांसदसहितको सरकार बनाएका उनले अत्यधिक मत ल्याएका हुन् ।

पुसको घटनापछि एमालेले फागुन १५ गते संघीय सरकार छाड्यो । कोशीमा पनि यस्तै गर्नुपर्ने धारणा माओवादी कोशीका संसदीय दलका नेता इन्द्र आङ्बो बताउँछन् । 'एमालेले चाँडोभन्दा चाँडो सरकारबाट बाहिरिएर आफ्नो नैतिकता प्रदर्शन गरोस्,' कार्कीले विश्वासको मत पाउनसाथ सञ्चारकर्मीसँग आङ्बोले भने । आङ्बो गठबन्धनबाट मुख्यमन्त्रीका उम्मेदवार थिए ।

तर, कांग्रेसको संस्थापनइतरले विद्रोह गरी आठ जना सांसद तयार गरेपछि एमालेले कार्कीलाई समर्थन गरेको हो । कार्की मुख्यमन्त्री बन्दै गर्दा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, संस्थापनइतरका नेता डा. शेखर कोइराला र प्रधानमन्त्री पुष्पकमल दाहालबीच बालुवाटारमा गठबन्धन बलियो बनाउने एकबुँदे 'चिर्कटो' सहमति भएको थियो । उक्त सहमति हुनसाथ एमाले नेताहरू कार्कीसँग सशंकित बनेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस संस्थापनइतरका नेता कोइरालालाई प्रयोग गरी सत्ता गठबन्धन फुटाउने कोसिसस्वरूप कोशीमा कांग्रेसलाई विद्रोह गर्न लगाएका थिए । तर, कोइरालाले एमालेसँगको सहमति कायम नराखेको भन्दै संघकै प्रकरण दोहोरिने आशंका एमाले नेताहरूले गरेका हुन् । नभन्दै बुधबार कांग्रेससहित माओवादी गठबन्धनले एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कार्कीलाई विश्वासको मत दिए ।



अब एमालेसँग राजनीतिक नैतिकता बाँकी छ भने गठबन्धनमा जबरजस्ती घुसेको ऊ सरकारबाट बाहिरिनुपर्छ ।
■ **इन्द्र आङ्बो**, माओवादी केन्द्र



केही साथीहरूले यहाँ कुण्ठा पोख्नुभएको छ । यो जरूरी पनि छैन । यो परिस्थिति कसले बनायो ?
■ **हिक्मत कार्की**, नेकपा एमाले



केदार कार्कीको कुनै बहादुरीको कुरा होइन । यो हामीले गठबन्धनको मर्म र भावनालाई आत्मसात् गरेर त्यो प्रस्ताव स्वीकार गरेनौं, त्यसकारण हामी मुख्यमन्त्री भएनौं ।
■ **राजेन्द्र राई**, एकीकृत समाजवादी



कांग्रेसका आठ भाइ माननीयहरू, दलभित्र झगडा गर्नुभयो, युद्धको मैदानमा पनि पुग्नुभयो, युद्ध पनि जितेर घरमा आउनुभयो, युद्ध जितेर फूलमाला लगाएर आएपछि हामीले गलै लगायौं ।
■ **उद्वव थापा**, नेपाली कांग्रेस



कार्कीलाई कांग्रेसबाट विद्रोही आठ जनासहित २९, एमालेका ३९ जना, नेकपा माओवादी केन्द्रका १३ जना, नेकपा एकीकृत समाजवादीका चार जना र जसपाका एकसहित ८६ जनाले विश्वासको मत दिएको उपसभामुख सिर्जना दनुवारले घोषणा गरिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भने विपक्षमा मत दिएको छ । कोशीमा राप्रपाका छ जना सांसद छन् । राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले आफ्नो पार्टी सरकारको राम्रा कामका समर्थन र नराम्रो कामको आलोचनासहित जनतामाझमा जाने बताए ।

**एमाले-माओवादी आरोपप्रत्यारोप**

कोशीमा कांग्रेसका मुख्यमन्त्रीको पक्षमा मत हालेका एमाले र माओवादी आरोप-प्रत्यारोपमा उत्रिएका छन् । मुख्यमन्त्रीका दाबेदार आङ्बोले एमालेलाई सरकारबाट बाहिरिन सुझाव दिएका छन् । एमाले जबरजस्ती सरकारमा घुसेको आङ्बोको आरोप थियो । 'हामीले गठबन्धनको स्पिरिटअनुसार मुख्यमन्त्रीलाई निःशर्त मत दिएका हौं । अब एमालेसँग राजनीतिक नैतिकता बाँकी छ भने गठबन्धनमा जबरजस्ती घुसेको ऊ सरकारबाट बाहिरिनुपर्छ,' आङ्बोले भने, 'यो सरकार गठबन्धनको हो ।' (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### इजरायलबाट नेपाली नागरिकको उद्धार

# तत्काल स्वदेश फर्कन देखाएनन् चासो

■ प्रभाव संवाददाता

**काठमाडौं-** इजरायलको गाजा पट्टीमा प्यालेस्टाइनी लडाकु समूह हमासले गरेको आक्रमणपछि असुरक्षित अवस्था सिर्जना भए पनि रोजगारीका लागि इजरायलमा रहेका थुप्रै नेपालीले स्वदेश फर्किने चासो देखाएका छैनन् । हमासको आक्रमणबाट १० जना नेपालीले ज्यान गुमाउँदा सुरुआती चरणमा असुरक्षित महसुस गर्दै स्वदेश फर्किन हतारिएकाहरू यतिखेर चासो देखाउन छाडेका हुन् ।

इजरायलको तेल अभिभस्थित नेपाली राजदूतावासका अनुसार आक्रमणको सुरुआती समयमा असुरक्षाका कारण आत्तिएर स्वदेश फर्कन अनलाइनमार्फत नाम दर्ता गराएका नेपालीहरू विस्तारै सम्पर्कमा आउन छाडेका छन् । रोजगारीको क्रममा इजरायलमा रहेका नेपालीहरूलाई असुरक्षित महसुस भए स्वदेश फिर्ताको लागि दूतावासले अनलाइनमार्फत आफ्नो नाम दर्ता गराउन सूचना जारी गरेको थियो ।

नेपाल फर्कन अनलाइनमा नाम दर्ता गराएका नेपालीहरूको उद्धारका लागि पहल गरे पनि उनीहरू पुनः सम्पर्कमा नआएको दूतावासका प्रथम सचिव अर्जुन घिमिरेले बताए । जसका कारण मंगलबार भारतले आफ्नो उद्धार विमानमा नेपालीका लागि २० वटा सिट उपलब्ध गराए पनि १८ जनामात्रै फर्किएका उनले बताए । 'यत्रो विपत्को समयमा निरन्तर दिइएको सूचनाका बाबजुद पनि जम्मा १८ जना नेपालीमात्रै फर्किएका छन्,' घिमिरेले भने, 'हामीलाई छिमेकी मुलुक भारतको उद्धार विमानमा दिइएको २० सिट पनि भर्न सकेनौं ।' यसबाट स्वदेश फर्किन चाहेका नेपालीहरूमा मनस्थिति परिवर्तन हुँदै गएको देखिएको उनको भनाइ छ ।

दूतावासले आक्रमण सुरु भएको तेस्रो दिनदेखि नेपाल फर्किन चाहनेको विवरण माग गर्दै अनलाइनमार्फत आफ्नो नाम दर्ता गर्न आग्रह गरेको थियो । यसरी नाम दर्ता गराएकामध्ये पहिलो चरणमा २५४ जना नेपाली स्वदेश फर्किसकेका छन् । मंगलबार थप १८ जनालाई भारतीय विमानको सहयोगमा दिल्ली हुँदै नेपाल ल्याइएको छ ।

रोजगारीको शिलशिलामा इजरायलका विभिन्न स्थानमा रहेका अधिकांश नेपालीहरूले अनलाइनमा नाम दर्ता गराएको दूतावासले जनाएको छ । नाम लेखाएका अधिकांश नेपालीहरू तत्काल स्वदेश नफर्किने मनस्थितिमा पुगिसकेको बताइएको छ । यद्यपि, स्वदेश फर्कन चाहनेहरूलाई राजदूतावासबाट सुरु गरिएको अनलाइन रजिस्ट्रेसन फाराम अनिवार्यरूपमा भर्न आग्रह गरिएको छ ।

इजरायलमा विषम् परिस्थिति सिर्जना भएपछि आफ्नो नागरिकको खोजी गर्ने क्रममा चार हजार ५०० नेपाली केयर गिभरको रूपमा कार्यरत रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । पछिल्लो समय झण्डै एक हजार २०० नेपाली जिटुजी सम्झौता गरेयता सरकारी तवरबाट रोजगारीका लागि इजरायल पुगेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ ।

### एनआरएनए महासचिवमा दोहोरिने जोशीको तयारी

# नयाँ सोचका साथ संस्थालाई अगाडि बढाउने प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को ११औं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन काठमाडौंमा जारी छ । अधिवेशनले आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्दै छ । जसका लागि विभिन्न पदमा उम्मेदवारी घोषणा गरेकाहरू प्रचारप्रसार अभियानमा छन् । अध्यक्षका लागि चार जना चुनावी मैदानमा उत्रिएका छन् ।




हालको समाज, आर्थिक विकास, प्रविधि, राजनीति र कूटनीतिक अवस्था पहिलेको जस्तो नभएको भन्दै यसको सुधारका लागि आ-आफ्नो एजेण्डा प्रस्तुत गर्दै डा. बद्री केसी, रविना थापा, आरके शर्मा र महेश श्रेष्ठले अध्यक्षमा उम्मेदवारी दिएका छन् । सबैले आ-आफ्नो प्यानल खडा गरेका छन् ।

यही बीचमा एनआरएनएका महासचिव गौरीराज जोशीले पुनः सोही पदमा उम्मेदवारी घोषणा गरेका छन् । उनले यसपटकको महाधिवेशनले एनआरएनएलाई 'बेग्लै उचाइमा पुऱ्याउने बाटो' तय गर्ने विश्वास व्यक्त गरे । संघमा भएको केही अलमल, केही उतारचढाव, केही विश्वासको संकट र केही उपलब्धिहरूपछि नयाँ शैली र फरक सोच विकास हुँदै गएको उनको भनाइ छ । (बाँकी पृष्ठ २ मा)


विजय दशमी, शुभ दीपावली तथा छठ पर्व २०८० को
हार्दिक शुभकामना



नेपालीहरुको महान् पर्व बडादशैं, दीपावली तथा छठ पर्व-२०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा–बुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal.
Tel : +977-1-4479491/4479492

## मुख्यमन्त्री...
पृष्ठ १ बाट जारी

यता पूर्वमुख्यमन्त्रीसमेत रहेका एमालेका हिक्मत कार्कीले माओवादीप्रति लक्षित गर्दै कुण्ठा नपोख्न आग्रह गरे । 'केही साथीहरूले यहाँ कुण्ठा पोख्नुभएको छ । यो जरूरी पनि छैन । यो परिस्थिति कसले बनायो ?,' उनले प्रश्न गरे, 'एमालेले गलत गरेको छैन ।'

कार्कीले माओवादीकै कारण यस्तो परिस्थिति सिर्जना भएको दाबीसमेत गरे । 'कांग्रेस संस्थापन पक्षले हामीसँग सहकार्य गर्न चाहेन । माओवादीले पनि हाम्रो कुरा सुनेन । त्यसैले कांग्रेसका विद्रोहीलाई साथ दिएका हौं,' एमाले संसदीय दलका नेतासमेत रहेका कार्कीले भने, 'गठबन्धनले संघीयतामाथि प्रहार गर्दै माथिबाट अमुक व्यक्तिलाई मुख्यमन्त्री तोकेपछि हामी विक्षप्त भयौं ।'

सरकार विस्तारका क्रममा गठबन्धनलाई आफ्नो दलले अप्ठेरोमा नपार्ने कार्कीको भनाइ थियो । 'अहिले पनि तपाईंहरू सबै मिल्नुहुन्छ भने हामीलाई सरकारबाहिर बस्न कुनै आपत्ति छैन,' विश्वासको मत दिने क्रममा कार्कीले भने, 'एमालेका कारण गठबन्धनलाई अप्ठेरो परेको हो भने म आग्रह गर्न चाहन्छु, गठबन्धन एक ठाउँमा हुनुस्, हामीलाई बाहिर राखिदिनुस् ।'

सरकारमा पाँच मन्त्री मागेको एमालेले कसैलाई बाहिर नराखी प्रदेशलाई अगाडि बढाउन पनि तयार रहेको कार्कीले बताए । उनले भने, 'सहकार्य र सहमतिका साथ अगाडि बढ्न तयार छौं ।'

### कार्कीमाथि गठबन्धनको कटाक्ष

एकीकृत समाजवादीका नेता राजेन्द्र राईले भने कांग्रेसका कार्कीले कुनै बहादुरीको काम नगरेको भन्दै कटाक्ष गरे । आफूलाई मुख्यमन्त्री बन्ने अफर पटक-पटक आएको दाबी गर्दै राईले भने, 'यो कुनै बहादुरीको कुरा होइन । यो हामीले गठबन्धनको मर्म र भावनालाई आत्मसात् गरेर त्यो प्रस्ताव स्वीकार गरेनौं, त्यसकारण हामी मुख्यमन्त्री भएनौं ।'

गठबन्धनको निर्णय असफल भएपछि संसदीय दलको नेताबाट राजीनामा दिएका कांग्रेस सांसद एवं निवर्तमान मुख्यमन्त्री उद्धव थापाले कुण्ठा बोकेर हिँडेका भाइहरूलाई जितेर आएकाले फूलमाला लगाएर स्वागत गरेको बताए । 'नेपाली कांग्रेसबाट आठ भाइ माननीयहरू, दलभित्र झगडा गर्नुभयो, कुण्ठा बोकेर हिँड्नुभयो, संघर्ष गर्नुभयो,' थापाले भने, 'अन्तिममा युद्धको मैदानमा पनि पुग्नुभयो, युद्ध पनि जितेर घरमा आउनुभयो, युद्ध जितेर फूलमाला लगाएर आएपछि हामीले गलै लगायौं, स्वागत गर्‍यौं ।'

संघमा दाहाललेझैं मत पाएको कार्कीले सकेसम्म सहमतीय सरकार बनाउन पहल गर्ने बताए । 'सहमतीय सरकारका लागि अधिकतम प्रयास हुन्छ, त्यसका लागि संवाद र सहकार्य हुन्छ,' कार्कीले भने । आइतबार नै उनले एमालेबाट राम रानामगर र कांग्रेस विद्रोही पक्षका शमशेर राईलाई विनाविभागीय मन्त्री बनाइसकेका छन् ।

## नयाँ सोचका...
पृष्ठ १ बाट जारी

जारी महाधिवेशनले संघमा परिवर्तन ल्याउन उल्लेख्य योगदान गर्ने जोशीले बताए । 'परम्परागत शैली र सोचले मात्रै आजको दुनियामा कुनै पनि उद्देश्य हासिल गर्न सकिँदैन,' आफ्नो उम्मेदवारीको औचित्यताबारे प्रस्ट पार्दै उनले भने, 'समयको माग, फरक सोच र नयाँ आयाम सिर्जना हुने गरी संघलाई अघि बढाउन मैले पुनः महासचिव पदमा उम्मेदवारी दिएको हुँ ।'

अबको एनआरएनए नेपालका अनेक समस्याका साक्षी बन्नेमात्र नभई समस्या समाधानको उत्प्रेरक बन्दै संसारभर छरिएका नेपालीको ज्ञान, सीप, प्रविधि र आर्थिक क्षमतालाई मातृभूमिमा सिञ्चित गराउनु आफ्नो मूल लक्ष्य रहेको जोशी बताउँछन् । व्यक्तिगत तहमा केही भइरहे पनि संस्थागत तहको प्रभावकारिता अझै पनि एनआरएनएले देखाउन नसकेको जोशीलाई लागेको छ । नेतृत्वदायी भूमिकामा बस्नेहरूले पनि एनआरएनएको गरिमा, महत्त्व र प्रभावकारितालाई गहिराइमा बुझ्न नसकेका कारण उपलब्धिपूर्ण कार्य नभएकोमा आफू आत्मसमीक्षा गर्दै अघि बढ्न नहिच्किचाउने उनको भनाइ छ ।

'समयले हामीलाई नपर्खिए पनि हामी पर्खिरहेका छौं । चुनौतीहरूको सामना गर्दै छिट्टै मातृभूमिको मुहारमा खुसी ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्न महासचिवमा उम्मेदवारी दिएको छु,' जोशी बताउँछन् । यसका लागि आफूलाई पुनः एक पटक महासचिवमा साथ दिन उनले एनआरएनएका मतदाताहरूसमक्ष अनुरोध गरेका छन् ।

## पूर्वराजासँग...
पृष्ठ १ बाट जारी

उनका अनुसार शाहले २०७८ सालमा भएको पार्टीको महाधिवेशनमा पनि वर्तमान पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई आर्थिकसँगै अन्य सहयोग गरेका थिए । पार्टीका पूर्वअध्यक्ष कमल थापाले त्यसलाई 'पूर्वराजाको अनावश्यक हस्तक्षेप' भनेका थिए । यसपछि राजालाई नबोक्ने भन्दै उनी राप्रपाबाट नै बाहिरिए । र, छुट्टै दल राप्रपा नेपाल खोले ।

उसो त गत वर्ष भएको आमनिर्वाचनबाट राजतन्त्र र हिन्दूराष्ट्र पक्षधर दल राप्रपा स्थानीय, प्रदेश र संघीय निर्वाचनमार्फत जनमतका आधारमा थप बलियो भएको छ । २०७४ पछि एक सिट रहेको प्रतिनिधिसभामा १४ सिटसहित पाँचौं स्थानमा छ । प्रदेशहरूमा कतै निर्णायक भूमिकामा राप्रपा छ । यसले गर्दा बेलाबेला राजतन्त्रको आवाज सडक हुँदै संसद्सम्मै गुञ्जिने अवस्था छँदा पूर्वराजा ज्ञानेन्द्र हौसिएको टिप्पणी हुने गरेको छ ।

तर, राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल जनमत राजतन्त्र फर्किने गरिको नभएको बताउँछन् । उनका अनुसार लिङ्देन, दुर्गा प्रसाईंलगायतले राजा ल्याउनुपर्छ भन्दा राजा आउँदैन ।

'भक्तपुर र झापामा राजावादीहरूको प्रदर्शन देखियो । तर, केही होइन । गणतन्त्र खतरामा पनि छैन,' बरालले प्रभावसँग भने, 'यहाँ लिङ्देन र प्रसाईंहरूले गणतन्त्र हटाएर राजतन्त्र फर्काउन सक्दैन ।'

२४० वर्षसम्म नेपालमा राजतन्त्र टिक्यो । वंशीय प्रणालीअनुसार राष्ट्रप्रमुख हुने चलन राजतन्त्रमा थियो । हाल यो इतिहास भइसकेको छ । यति हुँदाहुँदै पनि पूर्वराजा ज्ञानेन्द्रप्रति गणतन्त्रका पूर्वराष्ट्रप्रमुखदेखि पूर्वसरकार प्रमुखहरू सशंकित छन् ।

दुई साताअघि मात्रै एमाले अध्यक्ष केपी शर्मा ओलीले पूर्वराजा शाहको आलोचना गरेका थिए । अन्य पूर्वप्रधानमन्त्रीहरू डा. बाबुराम भट्टराई र झलनाथ खनाल शाहको खरा आलोचक हुन् । धार्मिक आवरणमा राजनीतिक गतिविधि गरिरहेको र राजनीतिक परिवर्तनहरूलाई उल्टचाउन खोजेको शाहलाई आक्षेप लगाउँछन् ।

पूर्वराजाले पनि गत वर्षको फागुन ७ मा प्रजातन्त्र दिवसको अवसर पारेर विज्ञप्ति जारी गर्दै गणतन्त्रको विकल्प खोज्नुपर्ने बेला आएको बताएका थिए । यसपछि गणतन्त्रवादी नेताहरू झस्किए । पछिल्ला दिनहरूमा अझ बढी शाहको सक्रियता बढ्दो छ । ठाउँठाउँमा अभिनन्दन गर्ने र राजतन्त्रको पक्षमा माहोल बनाउने प्रयास गरिरहेका छन् । उनको यस्तो गतिविधि गणतन्त्र पक्षधर दलका नेताहरू मन परेको छैन । जसले गर्दा उनीहरूले पूर्वराजा शाहको सक्रियतालाई लिएर विरोध जनाउँदै आएका छन् ।

---


**भीमफेदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भीमफेदी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८०/०७/०२**

यस कार्यालयबाट तपसिल बमोजिम निर्माण कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयभित्र www.ppmo.gov.np/epg मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकीत र सारभूत रुपमा प्रभावग्राही पाईएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्यांकित रकम रु. (भ्याट र एक्‍ समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | **BRMMK/NCB/CRDRR/02-2080.081** | Construction of Ranikhola Dhamidanda Ranibhanjyang Rural Road. | **B&B-Niharika-Panchakanya Construction, Makwanpur.** | १,३१,६९,१८१.०० (अक्षरेपि: एक करोड एकतिस लाख उनान्सत्तरी हजार एक सय एकासी रुपैया मात्र ) | |

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०६६/०१/३० मा दर्ता भएको प्रा.लि.नं. ६२६६३ को **वगालथोक रत्न शिक्षा सदन बोर्डिङ्ग स्कुल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/०१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी खारेजी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/१२ मा दर्ता भएको प्रा.लि.नं. २७८१२० को **समसरा पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/०१को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भई संचालित रम्भादेवी टुर्स एण्ड ट्राभल्स प्रा.लि. (दर्ता नं. १७२५१८/०७४/०७५) को मिति २०८०/०६/३० गते बसेको बार्षिक साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: तेज प्रसाद खराल, इजाजतपत्र नं. ४१५**
**फोन नं. ९८५१०१९५२८, ईमेल** : semantamani@gmail.com



# Invitation for Bids

**Dhangadhi Sub-Metropolitan City**

**Office of the Municipal Executive**

**Dhangadhi, Kailali**

**INVITATION FOR THE BIDS**

Date of Publication: 19th October 2023 (2080/07/02 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Estimated Amount Excluding VAT and Provisional | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 37/DSMC/2080/081 | Construction of Welcome Gate for Dhangadhi Sub-metropolitan City | 22,14,887.62 | 57,000/- | 3,000/- | Hard Copy Not Acceptable |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Act. Chief Administrative Officer**



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १७८ कार्तिक १ गते २०८० मा प्रकाशित **Ozone Overseas Service Pvt. Ltd.** को Lot No. 270862 र 293507 को **Gamma For General Trading Co.** **कम्पनीको अन्तरवार्ता मिति: २०८० कार्तिक ७** (24th Oct. 2023) तथा **Happy Cone Ice Cream And Cafe - Sole Proprietorship Llc** कम्पनीको विज्ञापनमा **अन्तरवार्ता मिति: २०८० कार्तिक २** (19th Oct. 2023) **गते** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १७८ कार्तिक १ गते २०८० मा प्रकाशित **Target Consultant Human Resources Pvt Ltd** को Lot No. 293645 को **Second Season Barber Shop** कम्पनीको विज्ञापन भूलवस प्रकाशित हुन गएकोले नेपाल सरकार वैदेशिक रोजगार विभागको नियम अनुसार यस विज्ञापन रद्द गरिएको यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



**श्री नं. २६ बाहिनी अड्डा, भकुण्डेबेसी ब्यारेक काभ्रेपलाञ्चोकको**

**Extension of Masonry Wall निर्माण कार्य सम्बन्धि**
**सिलबन्दी दरभाउपत्र आब्हानको सूचना नं.०२**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/०२ गते)**

१. आ.ब. ०८०/८१ मा यस बाहिनी अड्डामा Extension of Masonry Wall निर्माण गर्ने कार्य सिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्ने भएकोले यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात प्रथम पटक सूचना प्रकाशित भएको मितिले तल दिए अनुसार को समयभित्र यस बाहिनी अड्डा तथा श्री को.ले.नि.का., धुलिखेलबाट नियमानुसारको दस्तुर तिरी खरिद गर्न सकिने छ ।

(क) कार्यको बिवरण:- Extension of Masonry Wall निर्माण
(ख) दरभाउ पत्र दस्तुर:- १०००.०० (फिर्ता नहूने)
(ग) दरभाउपत्र जमानत: रु. ३७,०००.०० (सैतिसहजार)
(घ) दरभाउपत्र खरिद गर्न पाउने मिति र समय : २०८०/०७/१६ गतेको १६:०० बजेसम्म
(च) दरभाउ पेश गर्न पाउने मिति र समय -२०८०/०७/१७ गतेको १२:०० बजेसम्म
(छ) खोलुवा हुने मिति र समय :- २०८०/०७/१७ गतेको १३:०० बजे ।
(ज) दरभाउपत्र जमानत मान्य अवधी :- २०८०/७/१७ गते बाट ७५ दिनको म्याद भएको ।
(झ) लागत अनुमान रकम रु. १५,००,४४३.७४ मु.अ.कर सहित

३. थप जानकारी आवश्यक परेमा सिलबन्दी दरभाउपत्र साथ संलग्न कागजात वा यस बाहिनी अड्डाको टेलिफोन नं. ०११-४०४०८५ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।



**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०७/०२**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको "**Construction of Handi khola motorable RCC Bridge**" निर्माण गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवोण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# थारू बस्तीमा दसैंको रौनक

**देउखुरी (दाङ)–** बडादसैंमा मात्र नाचिने थारूको सखिया र झुम्रा नाच सुरु भएको छ । सखिया र झुम्राको तालमा घन्किने मादलसँगै बज्ने मञ्जिरा (सखिया नाचमा बजाइने बाजा) को आवाजले थारू गाउँमा अहिले बेग्लै रौनक छाएको छ ।

थारूहरूको घरआँगनमा अहिले मादल र मञ्जिराको झानकारमा महिलाले सखिया नाच्दै रमाइरहेको दृश्यले गाउँमा बेग्लै रौनक देखिएको छ । धेरै गाउँमा दसैं नजिकिएदेखि सखिया र झुम्रा नाच सुरु भइसकेको छ । कतिपय गाउँमा घटस्थापनाको दिनदेखि यो नाच सुरु भएको छ ।

'ढिक्रीका लागि चामलको पीठो तयार छ, सुकेको माछा (सिद्रा) पनि तयार गरेका छौं,' घोराही उपमहानगरपालिका-१७ कर्जाहीका राममोति चौधरीले भने, 'हाम्रो गाउँमा दसैं लागिसक्यो, नाचगान हुन थालेको छ, कूल देउतालाई चढाउने सामग्री तयार गरेका छौं, आँगनमा बाबरीको फूल मगमगाइरहेको छ, मासुको परिकारका लागि (जिता)को तयारी गरेका छौं, कुलदेउतालाई चढाउने (छाकी) रक्सी गोलरा (माटोको भाँडो) मा तयारी गरेका छौं ।'

दसैंको नाचले गाउँघर रमाइलो भएको छ । करिब ७५ घर थारू समुदायको बस्ती रहेको गाउँमा युवापुस्ताले नाच सिक्ने र पुरानो पुस्ताले सिकाउने काम चलिरहेको बताए । थारू समुदायमा दसैंलाई नवमीका दिनमा धुमधामसँग मनाइन्छ । सोही दिन चामलको सेतो टीका, बाबरीको फूल र मकैको जमरा मान्यजनबाट ग्रहण गर्ने चलन छ ।

थारू समुदायमा दसैं आउनुभन्दा एक महिना अगाडिदेखि सखिया र झुम्रा नाच नाच्ने गरिन्छ । झुम्रा नाच र दसैं विशेष विभिन्न सांस्कृतिक कार्यक्रम गरेर गाउँघर रमाइलो भएको छ । घोराही-१७ क्वाडीका पूर्ण चौधरी भन्छन्, 'परम्परागत चाड दसैंमा अरू समुदायभन्दा थारू समुदायको फरक हुन्छ, सखिया र झुम्रा नाचले दसैंको रौनकलाई अझ बढाएको हुन्छ, नवमीको दिन बिहानै कुलदेवतालाई भेरवा (कुभिण्डोबाट बनाएको भेडा) र भालेको बलि दिने गरिन्छ र त्यसको पित्तर (पिण्ड) दिने चलन छ ।'

त्यस दिन बलि दिइएको कुखुरा र कुभिण्डो पकाएर घरका सबैले खाने गर्छन् । नवमीका दिन थारू युवायुवती रातभर सखिया र झुम्रा नाच नाच्ने गर्छन् । प्रायः युवकले मादल बजाउने र युवतीले नाच्ने प्रचलन छ । रंगीविरंगी पहिरन लगाएर छमछमी नाच्ने भुमरा तथा सखिया नाचको महत्त्वले दसैंको गरिमालाई समेत बढाएको हुन्छ ।

घोराही-३ का थारू अगुवा हिमलाल चौधरी भन्छन्, 'घटस्थापनाका दिनदेखि थारू बस्तीमा झनै रमाइलो भएको छ, थारू बस्तीको नाचगान हेर्दा गाउँघरका सबैलाई रमाइलो भएको छ ।' यो नाचमा नाच्नेहरू हरेक वर्ष नयाँ पहिरन लगाएर नाच्ने गर्छन् । थारू समुदायमा कृष्णाष्टमीदेखि सखिया नाचको गीत गाउन सुरु भए पनि विशेषगरी नाचसँगै दसैंमा गाउने गरिन्छ ।

सखिया नाच्नका लागि १५-२० युवतीले सेतो रङको फरिया तथा रातो चोलिया र रिबन लगाउने गर्छन् । युवकले भने सेतो रङको धोती र रुचिअनुसारको कमिज लगाई मादल भिरेर बजाउने चलन छ । सखिया नाच मादलको तालसँगै तीन खण्डमा नाच्ने गरिन्छ । यसपालिको दसैंमा दाङका थारू बस्तीमा मादल बज्न सुरु भएका छन् । नाचगानले गाउँघरमा रौनक थपिएको छ ।

पाँच वर्षदेखि सखिया नाच नाच्दै आएका घोराही-१७ की सरिता चौधरी दसैंका लागि नाचको तयारी गर्न पाउँदा खुसी भएकी छन् । उनले भनिन्, 'दसैं आउन अब केही दिन बाँकी हुँदा गाउँबस्तीमा थारू नाचगान सुरु भएको छ, यसपालि आफू पनि नाचमा भाग लिन पाउँदा धेरै खुसी लागेको छ, दाङका सबै थारू बस्तीमा अहिले सखिया र झुम्रा नाचले गाउँको रौनक नै फरक भइसकेको छ ।'

युवायुवती परम्परागत पोसाक र गहना लगाएर साँझ पर्नासाथ गाउँमा सखिया र झुम्रा नाचमा रमाइरहेका छन् । थारू भाषामा 'सखी'को अर्थ साथी हुन्छ । साथीहरूसँगै नाच्ने हुनाले यसलाई सखिया भनिएको थारू कल्याणकारी सभाका पूर्वअध्यक्ष भुवन चौधरी बताउँछन् । सखियालाई 'बर्का नाच' पनि भन्ने गरिन्छ । सखियामा देवीदेवताको पूजाआजा गरी नाचिने हुनाले यसलाई थारू समुदायको धार्मिक महत्त्वसित जोडिन्छ । यो नाच हरेरी मनाइसकेपछि नाच्ने गरेको उनले बताए ।

हरेरीमा गाउँमा नाचगानको अवसर खुलाउन गाउँका सबै मादल जम्मा गरेर गुरुवाले मन्त्र पढ्छन् । त्यसपछि नाचगान सुरु हुन्छ । त्यसपछि मात्रै सखिया नाच गर्न सकिन्छ । 'देवीदेवताको मञ्जुरी माग्न पूजा गर्नुपर्ने मान्यता छ,' चौधरीले भने, 'छाँकी (रक्सी) चढाएर पूजा गरिसकेपछि मात्रै सखिया नाच नाच्न र गाउन मिल्छ ।'

नाच सुरु गर्दा मुख्य मादल र मञ्जिरामा छाँकी चढाएर आकाश, पाताल, पूर्व, पश्चिम, उत्तर र दक्षिणतर्फ फर्किएर बजाउने गरिन्छ । त्यसपछि सखिया नाच सुरु हुन्छ । थारू समुदाय कृषि काममा व्यस्त रहने समुदाय भएकाले दिनभरि घरको काम गर्ने र साँझको फुर्सदको समयमा नाच नाच्ने गर्छन् । पुराना पिँढीले नयाँ पिढीलाई शिक्षा र सीप सिकाउने उद्देश्यले नाच सिक्ने र नाच्ने गरिरहेको अध्यक्ष चौधरीले बताए । *रासस*

# नेपालगञ्ज दुर्गा मूर्तिले झकिझकाउ

**राँझा (बाँके)–** बडादसैंको आगमनसँगै ऐतिहासिक सहर नेपालगञ्ज दुर्गा मूर्तिले झकिझकाउ भएको छ । सहरका चोक-चोकमा स्थापना गरिएका दुर्गा मूर्तिका प्रत्येक दिन बिहानैदेखि रातिसम्म गरिने पूजाआजा र भजनकीर्तनले दसैंको उमंग ल्याएको छ ।

नेपालगञ्जमा मूर्ति नभएको कुनै चोक र गल्ली छैन । एउटै टोलमा दुई-तीनवटा मूर्ति स्थापना गरिएको छ । दसैंको बेला दुर्गा भगवतीको मूर्ति सजाएर पूजा गर्ने प्रचलन बढेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताए । उनका अनुसार दुर्गा मूर्तिमा घटस्थापनाका दिनदेखि राति अबेरसम्म जाग्राम बसेर देवी दुर्गा भगवतीको पूजा आराधना गर्ने गरिएको छ । दुर्गा मूर्ति स्थापना भएपछि मात्रै दसैंको उमंग सुरु हुने गर्दछ ।

घटस्थापनाका दिन दुर्गा भगवतीको मूर्ति स्थापना गरेर सप्तमीमा मूर्तिको आँखाबाट पट्टी खोल्ने काम हुन्छ । महिषासुरलाई सप्तमीको दिन दुर्गा भवानीले मारेको हुनाले सो दिन मूर्तिको आँखा खोल्ने परम्परा छ । नेपालगञ्जमा दसैंको भोलिपल्ट एकादशीका दिन दुर्गा भवानीको मूर्तिलाई राप्ती नदीमा लगेर विसर्जन गरिन्छ ।

नेपालगञ्जसँगै नरैनापुर, डुडुवा, खजुरा, कोहलपुरका विभिन्न गाउँमा दुर्गापूजाको रौनकता छाएको छ । एकाबिहानदेखि अबेर रातसम्म भजनकीर्तन हुने गरेको छ । घटस्थापनाका दिन दुर्गा भवानीको मूर्ति स्थापना गरेदेखि यहाँका गल्ली, चोक, मन्दिर, चौराह भजनकीर्तनमय भएको नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले बताए ।

उनका अनुसार, बाँकेका गल्ली, चोक, चौराह र मन्दिरमा चार सयको हाराहारीमा दुर्गामूर्ति स्थापना गरिएको अनुमान छ । दुर्गा मूर्तिमा बालबालिकादेखि वृद्धवृद्धासम्म पूजाआजा र भजनकीर्तनका लागि पुग्ने गरेका छन् । दुर्गा मूर्तिको स्थापनासँगै राति अबेरसम्म पनि नेपालगञ्जवासी बजारका चोक-चोकमा घुमिरहने रामलीला हेर्ने परम्परा जस्तै भएको उनको भनाइ छ ।

नेपालगञ्जका मुख्य सडक, चोक र गल्लीमा समेत दुर्गामूर्ति स्थापना गरी पूजापाठ भइरहेको छ । नेपालगञ्जका गल्ली-गल्लीमा स्थापना गरिएका मूर्तिको सुरक्षाका लागि प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक नारायण डाँगीले बताए । *रासस*


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बधी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०७/०२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट विद्युत प्राधिकरणद्वारा प्रस्तावित हेटौडा ढल्केवर दुहवी ४०० के.भी. प्रसारण लाईन आयोजना (चौथो खण्ड) को Right Of Way भित्र पर्ने वन क्षेत्रहरूमा नियमानुसार कटान गरी उत्पादन भएको घाटगद्दीमा राखिएको साल र अन्य जातको दाउरा १७.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालीलेक सामुदायिक वन उपभोक्ता समूह**
**हेटौडा-१७, मकवानपुर**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०४/२९ मा दर्ता भएको **प्रा.लि. नं. १३८५५३** को **स्वर्णिम नेपाल एग्रिकल्चर डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/०२ गते)

चिनिया श्रेष्ठको नाति, चन्द लाल श्रेष्ठको छोरा, जुलुम श्रेष्ठको पति काठमाण्डौ जिल्ला, चिकंमुगल वडा नं २० (साविक: चिकंमुगल वडा नं २०, काठमाण्डौ) बस्ने शिव शंकर श्रेष्ठको मिति २०८०/०३/१५मा मृत्यु भएकोले निजको नाममा यस बैंकको न्युरोड शाखामा रहेको बचत खाता नं.००५०००५८४८६००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोराले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजात सहित यस बैंकको शाखा कार्यालय न्युरोड, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन नं.: ०१-५३३१७१३**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/२५ मा दर्ता भएको **प्रा.लि. नं. १८१५२२** को **सरोवर टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०७/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कार्यक्रमको नाम परिवर्तन सम्बन्धमा दाबी विरोध गर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/०१) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०७/०२)

मिति २०८०/०६/१२ को सञ्चालक समितिको निर्णय बमोजिम पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १०६३६५/०६९/०७०) र यस अन्तर्गत सञ्चालित संस्था, पाटन कलेज फर प्रोफेशनल स्टडिजमा हाल संचालनमा रहेका कार्यक्रमहरु विश्वविद्यालय (University of Bedfordshire) ले B. Sc (Hons.) Computer Science & Software Engineering को कार्यक्रम B. Sc (Hons.) Computer Science मा परीवर्तन गर्ने भएकोले सो अनुसार यस कलेजमा सोही अनुसार परिवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचना साथ अनुरोध गरिन्छ ।

**पाटन कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
ल.म.न.पा, वडा नम्बर १०, कुपण्डोल, ललितपुर । फोन नं. :०१५१८१०३३

# Sunchhahari Rural Municipality
## Office Of Rural Municipal Executive
## Pobang, Rolpa
## Lumbini Province
## Invitation for E-Bids

**INVITATION FOR NATIONAL COMPETITIVE BIDDING FOR THE CONSTRUCTION WORK ON THE FOLLOWING PROJECT**

***(Date of Publication: 18-10-2023)***

1. Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, invites electronic bids from eligible bidders for the construction of Following Project for, under National competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp**
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa**
   Name of the Office: **Sunchhahari Rural Municipality, Pobang, Rolpa**
   Office Code No: **801055409**
   Office Account Name &No: GA 1.1 ANTARIK RAJASWA KHATA43595241207004 (for Bid document fee)
   Dharauti Khata Name &No.: GA.3 SUNCHHAHARI DHARAUTI KHATA 43525240600003 (for Bid Security)
4. Electronic bids must be submitted to the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal through PPMO website **www.bolpatra.gov.np.** on or before **20-11-2023 14:00**. Bids received afterthis deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **20-11-2023,17:00**.at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa- Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid Security.
6. If the last date of purchasing and or submission falls on a government holiday then the next working day shall be considered as the lastdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | Contract ID | Contract Name | Estimated Amount (Excluding VAT) Rs. | Bid Security Rs. | Bid Fee Rs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/WORKS/ NCB/01/080-081 | Khursanibari Hudai Gaaja Bhulungchung Motarbato Nirman Yojana | 5103807.88 | 148,000.00 | 3,000.00 | NCB |
| 2. | SRM/WORKS/ NCB/02/080-081 | Dhurlung-Rija-Fagam-Dhungshi Motar Bato Satronnati Yojana | 6804940.63 | 195,000.00 | 3,000.00 | NCB |
| 3. | SRM/WORKS/ NCB/3/080-081 | Siuri- Kimleghaat Motar Bato Staronnati Yojana | 5105228.63 | 148,000.00 | 3,000.00 | NCB |

**Chief Administrative Officer**
**Sunchhahari Rural Municipality**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## अस्पतालमा आक्रमण निन्दनीय

इजरायल र प्यालेस्टाइन द्वन्द्वका कारण बुधबार गाजाको अस्पतालमा भएको आक्रमणमा परी कयौं बिरामी, चिकित्सक, स्वास्थ्यकर्मी, कुरुवाको निधन भएको छ । गाजा सहरको अल अहरी अरब अस्पतालमा भएको आक्रमण निन्दनीय छ । अस्पतालमा भएको आक्रमणको अहिलेसम्म कसैले जिम्मेवारी लिएको छैन ।

विद्रोही समूह हमासले थालेको आक्रमणका कारण इजरायल क्रुद्ध बनेको छ। इजरायलमा भएको आक्रमणमा परी १० नेपालीले ज्यान गुमाएका छन् । एकजना अझै बेपत्ता छन् । यो घटनाप्रति नेपाल आक्रोशित छ । हमासको यो कायरताको घोर निन्दनीय छ । त्रसित नेपालीहरू नेपाल फर्कने क्रम जारी छ । अरु देशका नागरिकको उद्धार इजरायलबाट जारी छ। इजरायलमा हमासको आक्रमणमा परी एक हजार ३०० जनाको ज्यान गइसकेको रिपोर्टहरूमा उल्लेख छ । क्रुद्ध इजरायलको जवाफी कारबाहीमा परी गाजा क्षेत्रमा दोब्बरभन्दा बढी करिब तीन हजार मानिसहरूले ज्यान गुमाइसकेका छन् ।

यहीबेला अमेरिकी राष्ट्रपति जो बाइडेन इजरायल पुगेका छन् । हमास इजरायल युद्धमा इजरायललाई हौसला दिन बाइडेन तेल अभिभ पुगेका हुन् । उनलाई त्यहाँका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले स्वागत गरेका छन् । बाइडेन युद्धका बीचमा इजरायल पुग्नुलाई महत्त्वका साथ हेरिएको छ । तर शान्ति क्षेत्र अस्पतालमा कयौंको हाताहत हुने गरी भएको आक्रमणका जति निन्दा गरे पनि त्यसको कमी हुँदैन ।

मानवीय हिंसा जुनसुकै पक्षले गरे पनि त्यो हिंसाको समर्थन विल्कुलै सही हुन्न । हमासले गरेको आक्रमणको निहुँमा निहत्था जनतामाथिको बर्बर आक्रमण सही हुन सक्दैन । अझ इजरायल पक्षले गाजा क्षेत्रमा गरेको नाकाबन्दी यो घोर निन्दनीय छ ।

संसारका शक्तिशाली राष्ट्रहरू इजरायल प्यालेस्टाइनी भिडेझैं देशहरू भिडेको हेर्नमा रमाउँछन् । यसअघि युक्रेनलाई शक्तिशाली राष्ट्रहरूले रुसविरुद्ध उचालेको थियो । युक्रेन अहिले मानवीय र भौतिक क्षति बेहोरेर मौन बसेको छ । रुसविरुद्ध उत्रिँदा त्यहाँका प्रधानमन्त्री जेलेन्स्कीको विश्वभर वाहवाही गरिएको थियो । युद्धले थलिएका उनलाई अहिले विचराबाहेक गर्न सक्ने थोक केही छैन । यो प्रकरणबाट युद्धग्रस्त देशहरूले सिक्नुपर्ने हो । तर, रिसको बेला कसले वेद पढ्छ र भनेझैं आफूआफूमा भिडिरहेका छन् । जसका कारण निहत्था जनताको अकालमा ज्यान गइरहेको छ । जुनसुकै युद्ध होस् न्यूनतम मानवीयताको सीमा उल्लंघन नहोस् । गाजाको अस्पतालमा भएको आक्रमण घटना निन्दानीय छ । यस्तो अमानवीय कार्य तत्काल बन्द गर्नुपर्छ । उक्त क्षेत्रमा चाँडै शान्ति छाओस् ।

# नेपाली श्रमबजारको अवस्था



महेन्द्रप्रसाद यादव

नेपाल धेरै संक्रमणको बीचमा छ, यी संक्रमणहरूमध्ये केही फरक प्रकृति र दायराका रूपमा विश्वव्यापी छन्, केही अन्य नेपालका लागि विशिष्ट छन् । यसले कामको संसारमा महत्त्वपूर्ण परिणाम ल्याउने छ । कोभिड-१९ को विनासकारी मानव र आर्थिक परिणामबाट जारी पुनः प्राप्तिका लागि अगाडि बढिरहेका निरन्तरका प्रयासहरू, प्रविधिमा भइरहेका परिवर्तन, जनसांख्यकीय गतिशीलताबाट कामको भविष्यमा पर्ने असरबाट प्रतिष्ठानहरू र कामदारहरूलाई प्राप्त हुने अवसर र जोखिम र जलवायु परिवर्तनका परिणाम न्यून गर्न आवश्यक पर्ने अनुकूलन कार्यका साथै नेपालले २०७२ मा नेपालको संविधान अनुमोदन गरेअनुरूप यसको शासन

नेपालको त्रिपक्षीय र द्विपक्षीय सामाजिक संवाद संयन्त्रलाई बलियो बनाउन आवश्यक छ । विशेषगरी प्रान्तीय, स्थानीय र उद्यमस्तरमा प्रायः अभाव वा अपरिपक्व अवस्थामा रहेका छन् । थपरूपमा जारी सुधार प्रक्रियामा सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक संगठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण आवश्यक छ ।

संरचनाको निरन्तर रूपान्तरण, जसमा अन्य परिवर्तनहरूबाहेक, रोजगारी र श्रम मामिलाहरू प्रादेशिक र स्थानीय तहहरूमा हस्तान्तरण गर्नुपर्ने बाध्यता रहेको छ ।

सन् २०२६ सम्ममा नेपाल अल्पविकसित राष्ट्र स्थितिबाट स्तरोन्नति भएपछि अहिले प्राप्त गरिरहेका सहुलियत विकास वित्त र केही व्यापार प्राथमिकताहरूमा पहुँच गुमाउने सम्भावना र कृषिमा निर्भरताबाट थप विविधीकरणका साथै औद्योगिक र सेवा क्षेत्रका गतिविधिहरूबाट मुख्यरूपमा अनौपचारिकबाट औपचारिक क्षेत्रका प्रतिष्ठानहरू निर्माण एवं औपचारिकबाट अनौपचारीकरण हुने निरन्तरको परिर्वतनको परिणामस्वरूप राष्ट्रिय अर्थतन्त्रमा परिवर्तनहरू आए ।

नेपालले सबैका लागि मर्यादित कार्यहरू प्राप्त गर्ने प्रतिबद्धता स्पष्टरूपमा व्यक्त गरेको छ । नेपालको संविधान, २०७२ ले रोजगारी र सामाजिक सुरक्षाका साथै ट्रेड युनियन खोल्ने र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक हकलाई समेटेको छ । संविधान र राष्ट्रिय कानुनहरूले पनि बालश्रम र जबरजस्ती श्रम निषेधसहित श्रम शोषणविरुद्ध महत्त्वपूर्ण संरक्षणहरू समावेश गरेको छ। नेपाल सरकारले श्रमिक र रोजगारदाता संगठनहरूसँग मिलेर हालैका वर्षहरूमा श्रम ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ पारित भए पनि श्रम नीतिहरूले न्यून पारिश्रमिक, अनौपचारिक क्षेत्रका कामहरूमा महिला, युवा र सामाजिकरूपमा बहिष्कृत समूहहरूको एकीकृतरूपमा पहिचान र सम्बोधन गर्न सकेका छैनन् । राष्ट्रिय रोजगार नीति, २०७२ र औद्योगिक नीति लगभग असफल रहेको छ ।

श्रम ऐन, २०७४ ले सबैका लागि समान अवसरहरू, ज्यालाको अन्तर घटाउने र कार्यस्थलमा हुने भेदभाव हटाउन प्रतिबद्ध छ तर यी नीतिगत प्रावधानहरू अपर्याप्तरूपमा सञ्चालन भएका छन् । नियुक्ति र तलब भेदभाव, जातीय र लैंगिक स्टिरियोटाइपहरू, सामाजिक मान्यताहरू, अवैतनिक हेरचाह कार्यको असमान हिस्सा र रोजगारी विभाजन असमानता कमाउने प्रमुख चालकहरू हुन् । जबकि सीमान्तकृत समूहहरूले सामना गर्ने आर्थिक भेद्भावको हदको तथ्यांकहरू सीमित छन्, निम्न उदाहरणहरूले असमानताका केही क्षेत्रहरूलाई उजागर गर्दछ ।

### दिगो उद्यम र जीविकोपार्जनका लागि वातावरण सक्षम पार्ने

अर्थतन्त्रको संरचनात्मक रूपान्तरण र रोजगारी सिर्जनाको गति बढाउन निजी क्षेत्रको योगदानमा नेपाल निर्भर देखिन्छ। तर, नेपालमा व्यवसाय सुरु गर्न र बढाउनका लागि सक्षम वातावरण अझै चुनौतीपूर्ण छ । कृषि, अझै पनि नेपालको सबैभन्दा ठूलो रोजगारदाता र नेपालको कूल गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदानकर्ता हो तर खराब कामको अवस्था र श्रम शोषण कायमै रहेको छ । यसबाहेक उच्चस्तरको संवेदनशीलता र अनुकूलन क्षमताको न्यूनस्तरको कारणले गर्दा कृषि र आफ्नो जीविकोपार्जनका लागि त्यसमा निर्भर जनसंख्या जलवायु परिवर्तनको उच्च जोखिममा छन् ।

वि.सं. २०७५ को अन्तिम राष्ट्रिय आर्थिक जनगणनाअनुसार देशमा नौ लाखभन्दा बढी व्यवसायहरू छन् । यसमा आधाभन्दा बढी अनौपचारिक मानिन्छ । आइएलओको भर्खरैको नेपाल ज्याला प्रतिवेदनले नेपाली उद्यमहरूको उत्पादकत्वलाई अन्य दक्षिण एसियाली देशहरूको स्तरमा उकास्न थप प्रयासहरू आवश्यक रहेको देखाउँदै कामदारहरूको वास्तविक ज्याला वृद्धि र जीवनस्तरमा सुधार ल्याउन सफलता निर्णायक हुने उल्लेख गरेको छ ।

काममा पर्याप्त प्रभावकारी संरक्षण र अधिकार श्रमसंहिता सुधार, काममा आधार भूत सिद्धान्त र अधिकारको प्रवर्द्धन श्रम र सामाजिक क्षेत्र सुधारका पक्षमा धेरै वर्षको त्रिपक्षीय संलग्नताले नेपाली श्रमजीवी जनतालाई स्वदेशमा काम गर्न अस्वीकार्य प्रकारको कामबाट जोगाउन र विदेशमा रहेका नेपाली श्रमिकको श्रम अधिकार सुनिश्चित गर्न कानुन र नीतिहरू प्राप्त गरेको छ ।

नेपालमा श्रम संहिता परिमार्जन गर्नका लागि नेपाल ट्रेड युनियन कांग्रेसले दुई दशकदेखि निरन्तररूपमा गरेको प्रयास पछिल्लो समयमा सबै ट्रेड युनियनहरूकोसमेत एजेण्डा बन्न गयो र अन्तत्वगत्वा २०७४ सालमा श्रम ऐन बनाएर सुधारका लागि योगदानमा आधारित सामाजिक सुरक्षा र श्रम ऐन प्राप्त भयो । संशोधित श्रम ऐनले अनौपचारिक क्षेत्रका कामदारहरूलाई न्यूनतम पारिश्रमिक संरक्षणसहित रोजगारीलाई आधारभूत अधिकार र विस्तारित श्रम संहिता कवरेजकारूपमा पुष्टि गरेको छ ।

### कानुनी ढाचा र यसको प्रयोगमा कमी

नेपालको राष्ट्रिय श्रम कानुन र नीतिहरूमा रहेका केही विसंगतिहरू सुधारका साथै अन्तर्राष्ट्रिय श्रम महासन्धिको अनुमोदनमा देशका प्रतिबद्धताहरू सीमित मात्रामा रहेका छन् । यसबाहेक विद्यमान कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न र नयाँ तथा उदीयमान विश्वका कामका समस्याहरूलाई सम्बोधन गर्न श्रम प्रशासन र सामाजिक साझेदारहरूद्वारा तीव्र प्रयास आवश्यक छ ।

नेपालको श्रम प्रशासन सुप्त अवस्थामा रहेको छ, जुन कानुनी सुधारको प्रभावकारी कार्यान्वयनलाई सीमित गर्ने प्रमुख बाधा हो । विकासोन्मुख अर्थतन्त्रमा प्रत्येक १५ हजार कामदारका लागि एक निरीक्षक पुग्नुपर्ने अनुपातको आइएलओको प्राविधिक सल्लाहअनुसार नेपालले करिब एक हजार १३३ निरीक्षक नियुक्त गर्नुपर्छ । नेपालमा श्रम निरीक्षकको दरबन्दी कूल संख्या २८ रहे पनि हाल २१ वटा श्रम निरीक्षकहरू मात्र रहेका छन् । एघार वटा श्रम कार्यालयले ७७ जिल्ला समेट्छन् र उनीहरूलाई विदेशी श्रम आप्रवासन अनुमति व्यवस्थापन र सामाजिक सुरक्षा प्रशासनलगायत अरु पनि कामहरू सम्पादन गर्नुपर्ने हुन्छ । श्रम प्रशासनको मूल्यांकनले आफ्नो कार्यादेशको दायराको सापेक्षमा यी कार्यालय स्रोतसाधनमा उल्लेख्यरूपमा कमी रहेको छ तसर्थ तिनीहरूको पुनर्गठन र सुदृढीकरण तत्काल गर्नुपर्ने स्थिति रहेको छ ।

राष्ट्रिय कानुन र नीतिमा अन्तर्राष्ट्रिय श्रम मापदण्ड एकीकृत गर्ने प्रगतिको बाबजुद, नेपालले वि.सं. २०६३ पछि समग्रमा अपेक्षाकृत थोरै अन्तर्राष्ट्रिय श्रम महासन्धिलाई अनुमोदन गरेको छ । अन्तर्राष्ट्रिय व्यापार साझेदार र सम्भावित विदेशी लगानीकर्ताबाट राष्ट्रिय कानुन, नीति र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच थप सुसंगत पंक्तिबद्धताको माग छ । आगामी वर्षमा बढ्ने सम्भावना छ ।

सरकारले आइएलओका तीन प्राथमिकतामा रहेका सुशासन महासन्धि ८१ र १२९ श्रम निरीक्षण र १२२ रोजगार नीतिलाई अनुमोदन गर्न बाँकी छ । घरेलु कामदारको अधिकारसम्बन्धी महासन्धि १८९ र कार्यस्थलमा हिंसा र उत्पीडनसम्बन्धी महासन्धि १९० लाई सम्बोधन गर्ने अधिवेशनलगायत नयाँ प्राविधिक मापदण्डहरूको अनुमोदनका लागि राष्ट्रिय सरोकारवालाको वकालतले अझै परिणाम दिएको छैन । यसबाहेक ऐतिहासिकरूपमा नेपाली कामदार र रोजगारदाताका प्रतिनिधिहरूले यी उपलब्ध संयन्त्रहरूको सीमित चेतनाको कारणले गर्दा राष्ट्रियस्तरमा श्रम मापदण्डको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउन आइएलओको निरीक्षण प्रणालीको सम्बन्धितरूपमा सीमित प्रयोग गरेका छन् ।

### सबै तहमा प्रभावकारी श्रमबजार सुशासन

संघीय प्रणालीले देशका श्रमबजार संस्थाका लागि श्रम र रोजगारी नीति सुधार गर्न र विभिन्न क्षेत्रमा कामदार तथा उद्यमको विभिन्न आवश्यकता एवं अवसरअनुरूप सार्वजनिक कार्यक्रम, सेवा डिजाइन र वितरण गर्ने अवसर खोल्यो । यी सुधारअनुरूप, रोजगारी र श्रमबजारसम्बन्धी कार्यक्रम पछिल्ला वर्षमा संघीय तहबाट प्रदेश र स्थानीय तहमा क्रमशः विस्तार हुँदै गएका छन् । तैपनि परिवर्तनको प्रतिरोध, अपर्याप्त समन्वय, साथै पालिका सरकार र उपराष्ट्रिय श्रम संस्थाको नयाँ कार्यादेश पूर्णरूपमा ग्रहण गर्ने क्षमतालाई सीमित गर्ने बजेट र कानुनी खाडललगायत धेरै कारकहरूले प्रगतिलाई बाधा पुऱ्याएको छ ।

### सामाजिक साझेदार र त्रिपक्षीय सामाजिक संवाद संस्थाको भूमिका

नेपालको त्रिपक्षीय र द्विपक्षीय सामाजिक संवाद संयन्त्रलाई बलियो बनाउन आवश्यक छ । विशेषगरी प्रान्तीय, स्थानीय र उद्यमस्तरमा प्रायः अभाव वा अपरिपक्व अवस्थामा रहेका छन् । थपरूपमा जारी सुधार प्रक्रियामा सामाजिक साझेदारको आवाजलाई कायम राख्न र सुदृढ गर्न सबै तहका रोजगारदाता, श्रमिक संगठनलाई उदीयमान श्रम र रोजगारीमा क्षमता निर्माण आवश्यक छ ।

नेपालको संविधानले श्रमिक र रोजगारदाताको स्वतन्त्र रूपमा संगठन निर्माण गर्न र सामूहिक सौदाबाजीमा संलग्न हुने मौलिक अधिकारलाई मान्यता दिएको छ । श्रम ऐन र ट्रेड युनियन ऐनले औपचारिक र अनौपचारिक दुवै क्षेत्रका कामदार र उद्यमका लागि यी संवैधानिक अधिकारहरूलाई कानुनमा संहिताबद्ध गर्दछ । न्यूनतम पारिश्रमिक निर्धारण, श्रम समन्वय र सामाजिक सुरक्षा विस्तारसम्बन्धी त्रिपक्षीय समितिमा पनि सहभागी रहेको छ ।

केन्द्रीय श्रम सल्लाहकार परिषद् राष्ट्रियस्तरमा श्रम र रोजगारीका विषयमा नेपालको औपचारिक त्रिपक्षीय संवाद संयन्त्र हो । नेपालको श्रम ऐनले प्रादेशिक तहमा त्रिपक्षीय सामाजिक संवाद संयन्त्र स्थापना गर्ने व्यवस्था गरेको भए पनि हालसम्म सातमध्ये दुई प्रदेशले मात्रै यस्ता निकाय स्थापना गरेका छन् । राष्ट्रियस्तरमा पनि श्रम प्रशासनको आइएलओको हालैको मूल्यांकनले परिषद नियमितरूपमा बस्न सकेको छैन र प्रमुख श्रम कानुन सुधार पूरा भएदेखि उच्चस्तरीय नीति एजेन्डामा विरलै परामर्श गरिएको पाइयो ।

नेपाली श्रमिकको जीवनमा खासै सुधार हुन सकेको छैन । मुलुकमा मर्यादित रोजगारी टाढाको विषय भएको छ । सामाजिक सुरक्षाको कार्यविधि आए पनि कार्यान्वयन पक्ष आशंकाको दायरामा छन् । तसर्थ संविधान २०७२ र त्यसपछिका श्रम सुधारका प्रतिबद्धतालाई साकार पार्न नेपालले कानुन र व्यवहारमा मर्यादित काम सिर्जना गर्ने प्रतिबद्धतालाई अघि बढाउनुपर्छ । सबै तहका सरकारमा सामाजिक संवादका संरचना विस्तार गर्ने र श्रम प्रशासनलाई सुदृढ एवं व्यवस्थित सँगसँगै श्रमिकको पहुँचमा पुऱ्याउनका लागि विस्तार र विकास गरी श्रम निरीक्षण प्रणालीलाई बलियो र भरपर्दो बनाउनु आवश्यक रहेको छ । रोजगारी प्रवर्द्धनका लागि ट्रेड युनियनको सहभागितामा रोजगार नीति र औद्योगिक नीति परिमार्जन गर्नुका साथै, सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्दछ । *रासस*

***(लेखक नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष हुन्)***

## मननयोग्य

### चाणक्य नीति

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरुः केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुवै छोरा युद्धमा मरे । बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नुपऱ्यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?' 'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' पुरुसँग आम्भी रिस गर्थे । सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो । आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो । पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए ।

पुरुको राज्य झेलन र चिनारको बीचमा पर्दथ्यो । उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकुन् भनी पूरा बन्दोवस्त गरेका थिए । पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन ।

यस्तै, धेरै दिन बिते । सिकन्दरको भाग्य बलियो थियो । एक दिन ठूलो वर्षा भयो । झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन । पुरुले सपनामा पनि सोचेका थिएनन् । सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ । पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए ।

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो । ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ । पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो । सेनाहरू धेरै मरे । बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो । घोडाहरू काठ र डोरीद्वारा पार गरायो ।

पत्र–मञ्जुषा

## विद्युतीय ट्याक्सीको आवश्यकता

सरकारले विद्युतीय सवारीसाधनको प्रयोग बढाउन जोड दिइरहेको छ । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा पनि विद्युतीय सवारीसाधनलाई प्राथमिकतामा राखेको छ । तर, विद्युत्बाट चल्ने कालो प्लेटको मिटर जडित ट्याक्सीतिर सरकारको ध्यान गएको छैन । यता, फो स्टक हुटवाला टयाम्पोको दर्ता खोल्ने भनेर कहीँ पनि उल्लेख गरेको पाइँदैन । सबै प्रदेशमा नयाँ टयाक्सीको दर्ता विगत ३३ वर्षदेखि बन्द छ । फो स्टक विद्युतीय टयाम्पोको दर्ता अहिलेसम्म सरकारले खोलेको छैन । दक्षिण एसियाकै प्रायः जसो मुलुकमा फो स्टक टयाम्पो गुडिरहेका छन् ।

श्रीलंका, अफगानिस्तान, पाकिस्तान, भारतलगायत अन्य धेरै मुलुकले सहजता र सर्वसुलभता हेरेर यसलाई नै प्राथमिकतामा राखेको पाइन्छ । सरकारले उपत्यकामा यस्ता टयाम्पो खोल्ने कुनै योजना अघि सारेको छैन । जसले गर्दा टयाक्सीको ठगीधन्दा मौलाउँदो छ । यता, टयाक्सी नछिर्ने बाटोमा पैदल यात्रा गर्नुपर्ने बाध्यता छ । भाडा पनि अत्यन्तै महँगो भएकाले जनता सीधै मर्कामा परेका छन् । जनतालाई सरकारले औलामा राखेर फनफनी घुमाएको छ । न विद्युतीय टयाक्सीको दर्ता खोल्छ न बसको । अनि कसरी विद्युतीय सवारी प्राथमिकतामा पऱ्यो ? अहिलेको अवस्थामा विद्युतीय सवारी अति नै आवश्यक भइसकेको छ ।

तर, राज्यको चौथो अंगकै यतातर्फ ध्यान गएको छैन । कि सञ्चारमाध्यमलाई पनि जनताको कुरा उठाउन लाज लाग्छ ? सरकारले निजी प्लेटको विद्युतीय सवारी साधनमात्र भित्र्याउने हो कि भाडाको पनि । यसको जवाफ त जनताले स्पष्ट पाउनुपऱ्यो । प्रस्टरूपमा खुलाएर जवाफ पनि नदिने अनि जनतालाई सधैं दुःखको भारी बोकाइरहने । कस्तो सरकार हो यो ? आफ्नो प्रदेशमा टयाक्सीको अभाव भएको सरकार र सञ्चारकर्मी दुवैले नदेखेकै हुन् ? साधन नहुँदा सुत्केरीहरूले बाटोमै आफ्नो ज्यान गुमाउनुपर्ने बाध्यता छ । उता, बुढाबुढी, बालबच्चा र बिरामीलाई पनि उत्तिकै सास्ती । आमनागरिकले देख्ने जनताको समस्या राज्यले किन देख्दैन ?

जनताको समस्या समाधान गर्नु सरकारको दायित्व हो । सम्बन्धित निकायले सरकारलाई घच्घचाउन पर्छ । टयाक्सीमा भएको सिण्डिकेट र एकाधिकार तोड्न सरकार असफल हुँदा जनताले महँगो पैसा तिरेर पनि राम्रो सेवासुविधा पाएका छैनन् । पछिल्लो समय बारम्बार पेट्रोलको मूल्य बढिरहेको छ । नेपाल आयल निगम आफैं पनि चुलुम्मै डुबिसकेको छ । एक लिटर पेट्रोलले टयाक्सी २०/२२ किलोमिटर गुड्छ । टयाक्सीमा चढ्नेबित्तिकै यात्रुले सेवा शुल्कबापत त्यत्तिकै ५० रूपैयाँ तिर्नुपरेको छ ।

यदि नयाँ टयाक्सी आयो भने सित्तैमा नम्बर प्लेट पाइन्छ । एकाधिकार र सिण्डिकेट पनि तोडिन्छ । बागमती प्रदेश सरकारले स्क्रयाब गरेको नम्बर प्लेटमा नयाँ टयाक्सी दर्ता गर्न दिने भनेको छ । यसले नयाँ टयाक्सी नआउने निश्चित भएको छ । एउटै व्यवसायीले ३८ वर्ष कमाइसकेका छन् । अब २० वर्ष जोड्दा ५८ वर्ष पुग्छ ।

टयाक्सीले सर्वसाधारणमाथि मच्चाइरहेके ठगीधन्दा नियन्त्रणका लागि विद्युतीय टयाक्सी भित्र्याउन जरुरी भइसकेको छ । यसतर्फ सरकार र सरोकारवाला सबैको ध्यान जाओस् ।

***सविन खड्का, भक्तपुर***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# अन्तर्राष्ट्रिय चुनौती बन्दै जलवायु परिवर्तन : प्रधानमन्त्री

■ रामबहादुर थापा

**गण्डकी–** प्रधानमन्त्री पुष्पकमल दाहालले जलवायु परिवर्तन अन्तर्राष्ट्रिय चुनौती बनेको बताएका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाद्वारा बुधबार मुस्ताङको जोमसोममा आयोजित जलवायु संवाद कार्यक्रममा उनले दक्षिण एसियाको हिमालय पर्वत शृंखला वरिपरि देखापरिरहेको जलवायु परिर्वतनको असर विशिष्ट र गम्भीर खालको रहेको उल्लेख गरे ।

'जलवायु परिवर्तन हाम्रो राष्ट्रिय समस्या र चुनौती त हुँदै हो, सँगै यो अन्तर्राष्ट्रिय चुनौती पनि हो, विश्वकै समस्या हो,' प्रधानमन्त्री दाहालले भने, 'जलवायु परिर्वतनको जोखिम न्यूनीकरणमा अन्तर्राष्ट्रियजगत्ले पर्याप्त लगानी र पहल नलिने हो भने विश्वले गम्भीर मानवीय र प्राकृतिक विपद्को सामना गर्नुपर्ने स्थिति आउँछ ।'

प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसंघको हालै सम्पन्न महासभालगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको क्षति र सम्भावित जोखिमबारे गम्भीरताका साथ विषय उठाइएको बताए । 'नेपालले झेलिरहेको जलवायु परिवर्तनको समस्याबारे विश्व समुदायको ध्यानाकर्षण भएको छ,' उनले भने, 'आउँदो महिना हुने २८औं विश्व जलवायु सम्मेलनमा पनि म आफैं नेपालको प्रतिनिधित्व गरेर जाँदै छु, त्यहाँ पनि गम्भीरताका साथ यो विषय राख्नेछु ।'

प्रधानमन्त्री दाहालले नेपालमा जलवायु परिवर्तनबाट पुगेको असर र जोखिमबारे बुझ्न छिट्टै संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण हुन लागेको जानकारी पनि दिए । उनले पछिल्लो समय मुस्ताङलगायत हिमाली क्षेत्रमा जलवायु परिवर्तनबाट पुगेको क्षति र जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग भित्र्याउन पहल गर्ने बताए । उनले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने विदेशी दातृ निकायबाट प्राप्त हुने ५० करोड रूपैयाँ मुस्ताङमा खर्च गरिने जानकारी पनि दिए । 'गत साउन २८ गतेको बाढीबाट क्षतिग्रस्त बनेको कागबेनी क्षेत्रको पुनः निर्माणमा पनि विदेशी सहयोग जुटाउन सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ,' उनले भने, 'जलवायु परिवर्तनबाट मुस्ताङको जनजीवन, कृषि, उत्पादन, पर्यटन र समग्र व्यवसायमा पुगेको क्षतिलाई कसरी रोक्न सकिन्छ भन्नेमा नेपाल सरकार गम्भीर ढंग रूपमा लागेको छ ।' *रासस*

## क्षति न्यूनीकरण गरिदिन मुस्ताङवासीको माग

**कास्की (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष मुस्ताङवासीले जलवायु परिवर्तनको असरबाट हुने क्षति न्यूनीकरणका लागि नयाँ कार्यक्रम सञ्चालन गरिदिन माग गरेका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले मुस्ताङको सदरमुकाम जोमसोममा बुधबार आयोजना गरेको जलवायु परिवर्तनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुगेका प्रधानमन्त्री दाहालसमक्ष स्थानीयवासीले सो माग राखेका हुन् ।

स्थानीय चन्द्रबहादुर थकालीले जलवायु परिवर्तनका कारण मुस्ताङमा मानवीय र भौतिक क्षति बढेकाले न्यूनीकरणका लागि प्रधानमन्त्रीसँग आग्रह गरेको बताए । 'जलवायु परिवर्तनको असर हाम्रो जिल्लामा सबैभन्दा बढी परेको छ, स्थानीयवासी,' उनले भने, 'यहाँको तापक्रम बढ्दै गएको छ । हिमाल बा हिउँ पग्लदै गएको छ । यसका कारण उपल्लो मुस्ताङका मानिस विस्थापित पनि भएका छन् ।'

जलवायु परिवर्तनका कारण जिल्लामा उत्पादन हुने स्याउलगायत अन्य बालीमा रोग कीराको समस्या बढिरहेको पनि उनले बताए । उनले भने, 'पुस माघमा पर्नुपर्ने हिउँ फागुन चैतमा पानी र हिउँ पर्नाले यहाँको स्याउ खेतीमा असर परेको छ ।' उपल्लो मुस्ताङमा घर पालुवा जनावर घट्दै गएको उनले बताए । मुस्ताङी जनताले झेल्नुपरेको समस्या समाधानका लागि सरकारले ध्यान दिनुपर्ने स्थानीयवासी उनको भनाइ थियो ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिन जामगेल गुरुङले जलवायु परिवर्तनको असरका कारण जिल्लामा वर्षासँगै बेमौसमी हिमपात भएकाले पालिकाभित्र क्षति भएको बताए । 'गत वर्ष असोज १७ देखि लगातार सात दिनसम्म वर्षा हुँदा धेरै क्षति पुगेको थियो,' उनले भने, 'यस वर्ष पनि गत साउन २८ गते कागखोलामा आएको बाढीले कागबेनीमा ठूलो क्षति पुऱ्याएको छ । त्यसैले जलवायु परिवर्तनबाट हुने क्षति न्यूनीकरणका लागि संघीय सरकारले ध्यान दिन जरुरी छ ।'

प्रदेशसभा सदस्य विकल शेरचनले वातावरण अनुकूल विकास निर्माणको काम गर्नुपर्ने, इन्धन खपत कम गर्ने, जैविक विविधता संरक्षण गर्नुपर्ने, हरितगृह ग्यास उत्सर्जनमा विशेष ध्यान दिनुपर्ने बताए । यसमा तीन तहकै सरकारको सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

# Invitation for Bids

## Chure Rural Municipality

**Office of Rural Municipal Executive**
**Gharkheda, Kailali**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids No: CRM/NCB/Goods/02/080/081**

**Date of publication: 19-Oct-2023(2 Kartik 2080)**

1. Chure Rural Municipality, Office of the Rural Municipal Executive invites sealed bids from eligible bidders for the Supply Of Medicine and Surgical Instruments mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost With (13%)VAT | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/NCB/ Goods/02/080/081 | Supply Of Medicine and Surgical Instruments | 25,37,703.42/- | 70,000/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ofChure Rural Municipality, Gharkheda, Kailali, Email: chure.gaupalika@gmail.com, Contact No: 9858488012 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Laxmi Sunrise Bank Ltd Name of Office : Chure Rural Municipality**

   **Office Code no. 868-67-801Office Account no. : 0820529963703003 (for bid security)**

   **Rajaswa (revenue) Shirshakno. : 0820529963703006 (for bid document)**
4. Pre-bid meeting shall be held at Chure Rural Municipal Executive Office, Gharkheda, Kailali at 2:00 PM onNovember 2, 2023
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2080/08/04 (November 20, 2023).. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 Pm on November 20, 2023 at the office of Chure Rural Municipal Executive Office. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of70,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECOND SEASON BARBER SHOP

पूर्व स्वीकृति मिति २०८०/०६/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/०१ LT. No. 293645 चलानी नं. ६०२०८८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ९ गते (26th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACTORY OF TECHNICAL SERVICES FOR INDUSTRIES SAUDI CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०६/३० LT. No 294123 चलानी नं. ६०२०९२२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २ देखि ९ गते (19-26th Oct. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST

पुर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/३० LT. No. 271028 चलानी नं. ६०१८६८१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४३,४७० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४३,४७० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,६७५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४३,४७० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ८ गते (25th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 271028 मितिः २०८०/०७/०१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

SOE श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUALA PILAH RUBBER FACTORY SB.

पूर्व स्वीकृति मिति २०७९/१२/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/०१ LT. No. 284560 चलानी नं. ६०२००१२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oil palm plantation workers | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक ९ गते (26th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

कम्पनी : UNIVERSAL GUARD SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/२९ LT. No. 293704 चलानी नं ६०२०९२२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १४ र १५ गते (31 Oct - 1 Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८

**MAHAD MANPOWER PVT. LTD.**

Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

# प्रभाव दैनिक




## टाइगर ३ का लागि सलमानको नयाँ रूप

बलिउडका भाइजान अर्थात अभिनेता सलमान खान फिल्म 'टाइगर ३'का लागि लगातार चर्चामा छन् । फिल्म दर्शकको प्रतीक्षित सूचिमा छ । सलमानले अहिले फिल्मको नयाँ पोष्टर समेत सार्वजनिक गरेका छन् । जसमा सलमानको अलवा कट्रीना कैफर र इमरान हाशमी समेत देखिएका छन् । फिल्मको नयाँ पोष्टर सार्वजनिक गर्दै सलमानले भनेका छन्, 'यति धेरै माया दिनुभयो । नयाँ पोष्टर तदिनै पर्यो ।' फिल्मको नयाँ पोष्टरमा सलमान र कट्रीना एक्सन लुक्समा देखिएकी छन् । फिल्म दीपावलीको अवसरमा रिलिज हुँदैछ । यशराज फिल्मस् निर्माण गरेको यो फिल्मले राम्रो व्यवसाय गर्ने अपेक्षा गरिएको छ । फिल्म १२ नोभेम्बरमा सार्वजनिक प्रदर्शनमा आउनेछ ।





# फोटोपत्रकार थोकरको 'लाइफ इन पान्डेमिक' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** फोटोपत्रकार केशवराज थोकरको फोटो किताब 'लाइफ इन पान्डेमिक : काठमान्डु ड्युरिङ कोभिड - १९' सार्वजनिक भएको छ । बुधबार काठमाडौंस्थित नयाँ बानेश्वरमा रहेको आनन्दभूमि ब्याङ्क्वेटमा आयोजित कार्यक्रममा प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले उक्त किताब सार्वजनिक गरे ।

सभामुख घिमिरेले कोरोनाकालको अर्काइभ आफैमा महत्वपूर्ण भएको बताए। 'हामीले यो कालखण्डमा भोगेको अप्ठ्याराहरूका बारेमा फोटोग्राफरले सजीवताका साथ जुन कुरा ल्याउनुभयो,' सभामुख घिमिरेले भने। घिमिरेले कोरोनाकाल झैं पहिलेपहिले ठुलो खटिरा र क्षयरोग महामारीले धेरैको ज्यान गएको सम्झनासमेत गरे ।

'ठुलो खटिरा जसलाई माइ भनिन्छ । यसले धेरैको ज्यान गएको थियो। लास ढडाएको ठाउँबाट आएको धुवाँतिर हेर ज्यान जान्छ भन्थे । पछि टिबीले सिंगो शरीर नै सखाप भयो । त्यस्तै कोरोना महामारी पनि हामीले ब्यहोऱ्यौ,' सभामुख घिमिरेले भने ।

वरिष्ठ सरुवा रोग चिकित्सक डा. शेरबहादुर पुनले किताबका फोटोहरू देख्दा आफूलाई पुराना दिनको याद आएको बताए । 'गाडी चलाउँदै किताबका फोटो हेर्दा मलाई आँसु आयो । त्यो बेला मलाई फ्रिक्वेन्टली फोन आउँथ्यो। सेकेन्ड वेभमा एम्बुलेन्स बज्दै आउथ्यो । ढोका खुल्नसाथ मृत्यु देख्नुपर्थ्यो । त्यो त्रसादीको समय सम्झे,' डा पुनले भने । अक्सिजनका लागि मानिसहरू दौडदै अस्पताल आइपुगेको स्मरणसमेत उनले गरे । आफूले त्यतिबेला प्रभावितको आत्मविश्वास बढाउन धाराबाहिक लेखसमेत लेखेको उनले बताए । तर अहिले सरकारले भूकम्प बिर्से झै महामारी व्यवस्थापनका कुरा बिर्सन थालेकोमा उनले चिन्ता जनाए । 'अहिले सबैले बिर्सिसके । सरकारले पनि बिर्सिसक्यो। नीति केही बनेको छैन,' डा पुनले भने ।

वरिष्ठ फोटो पत्रकार चन्द्रशेखर कार्कीले कोरोना महामारीका क्षणलाई दस्तावेजका रूपमा ल्याएकोमा आफूलाई खुसी लागेको बताए । 'समयलाई कसैले रोक्न सक्छ भने त्यो फोटो हो। केशवराज थोकरले कोरोनाको समयमा भएका क्षणहरूलाई किताबकै रूपमा ल्याउनुभएकोमा खुसी लागेको छ,' कार्कीले भने ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले यो दस्तावेजका रूपमा र पाठ्यक्रमका रूपमा पनि काम लाग्ने बताए। 'यो दस्तावेज एकदम काम लाग्ने विषय हो । हामीले पत्रकारितामात्र हैन पत्रकारितामार्फत समाजको सेवा गरिरहेका छौं । यो फोटो पत्रकारिता कक्षका लागि पाठ्यक्रमका लागि पनि काम लाग्नेछ,' बस्नेतले भने । फोटोपत्रकार क्लबका पूर्व अध्यक्ष विकास कार्कीले थोकर फोटोग्राफीको योद्ध भएको बताए । 'क्यामरा बोकेर भिड्ने मान्छे हो केशवराज थोकर । फोटोग्राफीको योद्धा हो,' कार्कीले भने । नागरिक दैनिकका प्रधान सम्पादक गुणराज लुइँटेलले किताब कोरोनाकालको जिउँदो प्रमाण भएको बताए ।

कोरोना महामारीका समयमा नेपालीले भोगेको क्षणलाई दस्तावेजका रूपमा आफूले फोटो किताबलाई प्रकाशनमा ल्याएको फोटो पत्रकार थोकरले बताए । 'त्यो बेला मान्छेदेखि मान्छे डराउनुपर्ने अवस्था थियो। परिवारमै त्यस्तै थियो,' थोकरले भने, 'तर फोटो खिच्न अस्पताल जाने क्रममै डाक्टरबाट आत्मविश्वास पाएँ। फ्रन्टलाइनरका रूपमा ठाउँठाउँमा पुगेपछि गर्भवती श्रीमतीलाई पनि कोभिड पुष्टि भयो । निकै आत्तिएको थिएँ म । अरु धेरैलाई त्यस्तै भयो होला। सरकारविरुद्ध आन्दोलन पनि भए ।'

किताब कोरोनाकालको प्रतिबिम्ब भएकोले प्रकाशनमा ल्याएको प्रकाशक म्हेन्दो ट्रस्टका अमृत योञ्जनले बताए । १२५ पृष्ठको रंगीन किताबको मुल्य एक हजार रूपैयाँ तोकिएको छ ।



# युएईविरूद्ध नेपालको जित, आज हङकङसँग भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिकोणात्मक टी–२० क्रिकेट शृंखलाको पहिलो खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई सात विकेटले हराएको छ । टस हारी पहिले ब्याटिङको निम्तो पाएको यूएईले निर्धारित ओभरमा सात विकेट गुमाएर एक सय ४० रन बनाएको थियो ।

काठमाडौंको मुलपानीस्थित क्रिकेट मैदानमा जवाफी ब्याटिङमा ओर्लिएको नेपालले १८.५ ओभरमा तीन विकेट गुमाएर एक सय ४४ रन बनाउँदै विजयलक्ष्य पार गऱ्यो । नेपालको जितमा कप्तान रोहित पौडेलले अविजित ५१ र दीपेन्द्रसिंह ऐरीले अविजित ३४ रनको योगदान गरे ।

कप्तान पौडेल र दीपेन्द्रले टोलीका लागि ९३ रनको साझेदारी गरेका थिए । रोहितले केवल ४० बलको सामना गरी पाँच चौका हिर्काएका थिए । दीपेन्द्रले भने केवल २३ बलको सामना गरी एक छक्का र तीन चौका हिर्काएका थिए ।

त्यसअघि नेपालले ५१ रनको कुल स्कोरमै आफ्नो तीन विकेट गुमाएको थियो । नेपालले पहिलो विकेटका रूपमा ओपनर ब्याट्सम्यान कुशल भुर्तेललाई गुमाएको थियो । उनी १४ बलमा एक चौकाको मद्दतले १४ रन बनाउँदै आउट भएका थिए । उनी आउट हुँदा नेपालले ४.२ ओभरमा २४ रन बनाएको थियो । उनलाई यूएईका बलर निलान्स केशवानीले अली नासिरद्वारा क्याच गराएका थिए । दोस्रो विकेटका रूपमा नेपालका कुशल मल्ल ११ रन बनाउँदै आउट भएका थिए । रनआउट भई पेभेलियन फर्किनुअघि उनले नौ बलको सामना गरी दुई चौका हिर्काएका थिए ।

उनी आउट हुँदा नेपालले सात ओभरमा दुई विकेट गुमाएर ४५ रन बनाएको थियो । नेपालको तेस्रो विकेटका रूपमा ओपनर ब्याट्सम्यान आसिफ शेख २३ रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनले आउट हुनुअघि २७ बलको सामना गरी एक छक्का र दुई चौका हिर्काएका थिए । उनको विकेट अली नासिरले लिएका थिए । उनी आउट हुँदा नेपालले ८.५ ओभरमा ५१ रन बनाएको थियो ।



त्यसअघि टस हारी पहिले ब्याटिङको निम्तो पाएको यूएईले निर्धारित ओभरमा सात विकेट गुमाएर एक सय ४० रन बनाएको थियो । खेलको प्रारम्भमै चार विकेट गुमाएको यूएईले त्यसपछि भने आक्रमक ब्याटिङ गरेको थियो । यूएईका लागि पाँचौं र छैठौं नम्बरका ब्याट्सम्यानले ५६ रनको साझेदारी गरेका थिए ।

पाँचौं नम्बरका ब्याट्सम्यान अली नासिरले ३२ रनको योगदान गरेका थिए । छैठौं नम्बरका क्रिज समाल्न आएका बासिल हमिदले अर्धसत बनाएका थिए । उनले आक्रामक पाली खेल्दै केवल ३८ बलको सामना गरी चार छक्का र एक चौकाको मद्दतले ५१ रन बनाए । यूएईले अतिरिक्त रूपमा १३ रन पाएको थियो ।

नेपाली टोलीका बलर करण केसीले तीन विकेट लिएका थिए । उनले चार ओभरमा केवल १९ रन खर्चिएका थिए । गुल्सन झाले पनि दुई विकेट हात पारेका थिए । उनले तीन ओभरमा ११ रन खर्चिए । सोमपाल कामी र अविनाष बोहराले एक–एक विकेट लिएका थिए । सोमपाल कामीले यूएईका ओपनर ब्याट्सम्यान खालिद शाहलाई पहिलो विकेटका रूपमा शून्य रनमै पेभेलियन फर्काएका थिए ।

सोमपालले खालिदलाई आफ्ना कप्तान रोहित पौडेलद्वारा क्याच गराएका थिए । यूएईले पहिलो ओभरको अन्तिम बलमा विकेट गुमाएको थियो । यूएईको दोस्रो विकेट करण केसीले लिएका थिए । उनले यूएईका तेस्रो नम्बरका ब्याट्सम्यान एलिसन सराफुलाई ६ रनको ब्यक्तिगत स्कोरमा पेभेलियन फर्काएका थिए । करणले उनलाई आसिफ शेखद्वारा क्याच गराएका हुन् । यूएईले दोस्रो विकेट ३.१ ओभरमा गुमाएको थियो ।

यसैगरी यूएईको तेस्रो विकेट नेपाली बलर गुल्सन झाले लिएका थिए । गुल्सनले यूएईका कप्तान मुहम्मद वसिमलाई १७ रनको ब्यक्तिग स्कोरमा कुशल भुर्तेलद्वारा क्याच गराएका थिए । ६.१ ओभरमा ओपनर ब्याट्सम्यान वसिम आउट हुँदा यूएईले ३२ रन बनाएको थियो । यूएईको चौथो विकेट नेपाली बलर गुल्सन झाले लिएका थिए । गुल्सनले यूएईका आसिफ खानलाई १५ रनको ब्यक्तिगत स्कोरमा सन्दीप जोराद्वारा क्याच गराएका हुन्।

आसिफले १२ बलमा दुई चौका हिर्काएका थिए । गुल्सनले लिएको यो दोस्रो विकेट थियो । ८.४ ओभरमा चौथो विकेट गुमाउँदा यूएईले ५२ रन बनाएको थियो ।

यसैगरी यूएईको पाँचौं विकेट करण केसीले लिएका थिए । उनले क्रिजमा जमिसकेका यूएईका ब्याट्सम्यान अली नासिरलाई ३२ रनको ब्यक्तिगत स्कोरमा आउट गराएका थिए । उनले नासिरलाई कप्तान रोहितद्वारा क्याच गराएका थिए । नासिरले ३० बलमा एक छक्का र तीन चौका हिर्काए ।

यसैगरी यूएईको छैठौं विकेट पनि करण केसीले लिएका थिए । उनले यूएईका ब्याट्सम्यान मोहम्मद फराजुद्दिनलाई शून्य रनमै पेभेलियन फर्काएका थिए । फराजुद्दिनलाई उनले आिसफ शेखद्वारा क्याच गराएका थिए । यूएईको सातौं विकेट भने अविनाष बोहराले लिएका हुन् । उनले यूएईका बासिल हमिदलाई ५१ रनमा आउट गराए । हमिदको क्याच पनि आशिफ शेखले लिए ।

हमिदले ३८ बलमा चार छक्का र एक चौका हिर्काएका थिए । नेपालले टस जिती पहिले फिल्डिङ गर्ने निणर्य लिएको थियो । त्रिकोणात्क शृंखलामा तेस्रो राष्ट्रको रूपमा हङ्कङको सहभागिता रहेको छ । निकट भविष्यमा हुने टी–२० विश्वकप छनोट प्रतियोगिताको तयारीका क्रममा त्रिकोणात्मक शृंखला खेल्न लागिएको हो । नेपालले आफ्नो दोस्रो खेल बिहीबार हङ्कङसँग खेल्नेछ ।


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७९/११/१७ पून स्वीकृति मिति २०८०/०७/०१ LT. No. 281583 चलानी नं. ६०१९८१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 103 | 0 | 550 | ७३२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पून स्वीकृति मिति २०८०/०७/०१ LT. No. 267208 चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housemaid | 0 | 10 | 550 | ७३२८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker | 0 | 10 | 550 | ७३२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १६ र १७ गते (2nd & 3th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAINAB MAHDI FARES GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/०७/०१ LT. No. 294131 चलानी नं. ६०२०९२५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ११ गते (29th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
